अध्यक्ष
जंग बहादुर यादव

# प्रतिभा सामुदायिक वन उपभोक्ता समुह

**वाणगंगा न.पा-०२, लखनपारा, कपिलवस्तु**

## बोलपत्रद्वारा काठ/दाउरा लिलाम विक्रीको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८३/०६/२९)

प्रतिभा सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा स्वीकृत वन कार्ययोजना अनुसार पुनरुत्पादन कटान C1S7 प्लटमा कटान मुछान बाट उत्पादन भई वन पैदावार आपूर्ती समिति वाट फिर्ता तथा सुधार-कटान प्लटको रुखहरु कटानबाट उत्पादन भई बाणगंगा न.पा.-२, लखनपारा कपिलवस्तु स्थित घाटगद्दीमा राखिएको तपसिलमा उल्लेखित परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो प्रथम पटक सूचना प्रकाशित गरिएको छ । साथै संक्षिप्त सूचना मिति २०८३/०६/२९ गतेको वुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । सो पत्रिकामा प्रकाशित संक्षिप्त सुचनामा साल र अन्य जातको कुल थान परिमाण २६३ को २१५७.०२ क्यू.फि. हुनुपर्नेमा भुलवस अन्यथा टाइप भएकोले यसै सुचना मार्फत सच्याइएको छ । काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनि प्रचलित कानुन बमोजिम दर्ता भएको साथै मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले **२१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिनको १२.०० वजे सम्म गोप्य सिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।**

**वन पैदावारको विवरण**

| लट नं | जात | ग्रेड | थान | कुल परिमाण (क्यू.फि.) | प्रति ईकाइ दर रु. | न्युन्तम मुल्यांकन | उत्पादन प्लट र बर्ष | धाङ्ग नं. | नापी लगत | प्रकार | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | साल | A | १७ | २९१.५६ | १२५० | ३६४४५० | सुधारकटान C1S7, २०८२/०८३ | १,२ | | TI-C1S7 | प्रति क्यु.फिट रु. १२७।०० |
| | | B | २६ | २६५.४६ | ९०० | २३८९१४ | | | | | |
| | | C | १६ | ८४.१९ | ६०० | ५०५१४ | | | | | |
| | | D | ३ | ११.७१ | ३०० | ३५१३ | | | | | |
| | असना | A | १० | १९०.५९ | ४०० | ७६२३६ | | | | | |
| जम्मा | | | ७२ | ८४३.५१ | ७३३६२७ | | | | | | |
| २ | साल | A | १२ | २३१.९ | १२५० | २८९८७५ | पुनरुत्पादन कटान C1S1, २०८२/०८३ | १,२ | | RF-C1S1 | प्रति क्यु.फिट रु. १२७।०० |
| | | B | ५० | ५१४.३६ | ९०० | ४६२९२४ | | | | | |
| | | C | ११८ | ५४८.६६ | ६०० | ३२९१९६ | | | | | |
| | | D | ११ | १८.५९ | ३०० | ५५७७ | | | | | |
| जम्मा | | | १९१ | १३१३.५१ | १०८७५७२ | | | | | | |

१) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समयः मिति २०८३/७/१८ गते, समय ५:०० वजे सम्म । (कार्यालय समय भित्र)।

२) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समयः मिति २०८३/७/१९गते, समय दिनको १२:०० बजेसम्म ।

प्रतिभा सामुदायिक वन उपभोक्ता समूह
बाणगंगा-४ ररु, कपिलवस्तु
स्था: २०५७

जं.ब.या.
अध्यक्ष
जंग बहादुर यादव

३) बोलपत्र फारम खरिद गर्ने स्थान र दस्तुरः बोलपत्र फारम प्रति लटको रु. १००० र २०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समुहको कार्यालय वा डिभिजन वन कार्यालय, कपिलवस्तु (कपिलवस्तु),तौलिहवाबाट खरिद गर्न सकिने छ ।

४) बोलपत्र फारम दाखिला गर्ने स्थानः प्रतिभा सामुदायिकवन उपभोक्ता समुहको कार्यालय, बाणगंगा न.पा.-१०, कपिलवस्तुमा बोलपत्र सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ ।

५) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको कृषि विकाश वैक, चार नम्बर शाखा, कपिलवस्तुमा रहेको चल्ती खाता नं. ०४१५६००५६३७८४०२७ मा नगद जम्मा गरेको सक्कल भौंचर वा वैंक जमानत/ग्यारेन्टि पेश गरेको हुनु पर्ने छ ।

६) लिलाम विक्री हुने वन पैदावार कार्यालय खुलेको समयभित्र यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७) लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित उद्योगहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

८) निर्धारित गरिएको न्यूनतम संख्याको र रीतपुर्वक पर्न आएका सवै बोलपत्रहरु मिति २०८३/०७/१९ गते दिउँसो २:०० वजे समुहको कार्यालयमा साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र बोलपत्रदाताले सकार गरेका रकम, संकलन खर्च तथा निर्धारित मुल्य अभिबृद्धि कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ । तोकिएको समयभित्र सकार रकम, संकलन खर्च, मु.अ.कर र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी रकम जफत गरी नियमानुसार गरिनेछ ।

१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । टिपेक्स लागेको पाइएमा मुल्यांकनमा समावेश गरिने छैन ।

११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहमा हुनेछ ।

१२) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा क्रमशः सोहि बमोजिम हुनेछ ।

१३) खाम सिलवन्दी नभइ प्राप्त हुन आएको वोलपत्र मान्य हुने छैन।

१४) एउटा व्यक्तिले एउटा फर्म, उद्योगको तर्फबाट मात्र निवेदन लिएर बोलपत्र फाराम खरिद तथा दाखिला गर्न पाउने छ । फर्म, उद्योगको सक्कल आधिकारिक प्रतिनिधि पत्र वा नोटरी पब्लिक वाट प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ । एउटै व्यक्तिले कुनै लटमा एक फर्मको र कुनै लटमा अर्को फर्मको तथा एउटै लटमा अलग अलग फर्म, उद्योगको प्रतिनिधि भई बोलपत्र फाराम खरिद तथा दाखिला गर्न पाइने छैन । एउटै व्यक्ति एक भन्दा बढी फर्म, उद्योगको प्रतिनिधि भई बोलपत्र खरिद तथा दाखिला गरेको पाइएमा निजलाई यस समुहबाट पछि हुने कुनै किसिमको लिलाम बिक्रिमा समावेश हुन नपाउने गरी समुहले प्रतिवन्ध लगाउने छ ।

१५) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।

१६) उपरोक्त बाहेक अन्य कुराको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१७) अन्य कुराहरु बुझ्नु परेमा यस समुहको कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ ।

# यातायातका समस्या समाधान गर्न सांसदहरू प्रतिबद्ध

बुटवल (बुटवल टुडे), २८ असोज- रूपन्देही क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित तथा समानुपातिक सांसदहरूले यातायात व्यवसायीका समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

पश्चिम नेपाल बस व्यवसायी प्रा.लि. बुटवलले विजयादशमी, दीपावली, छठ पर्व तथा नेपाल संवतलगायत चाडपर्वको अवसरमा आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा सांसदहरूले यातायात क्षेत्रका समस्या समाधान गर्न आवश्यक कानुनी सुधारमा पहल गर्ने बताएका हुन्। प्रत्यक्ष निर्वाचित सांसद सुलभ खरेल तथा समानुपातिक सांसदहरू मञ्जु भुसाल र अमृता विकले विगतमा बनेका कतिपय कानुन अहिले अव्यावहारिक रहेकाले समयानुकूल परिमार्जन गर्नुपर्नेमा जोड दिए। सुशासन र विकासको गतिलाई तीव्र बनाउन कानुनी तथा नीतिगत सुधार आवश्यक रहेको उनीहरूको भनाइ थियो।

सांसद खरेलले तीन तहका सरकारबिच समन्वयको अभाव, झन्झटिलो प्रशासनिक प्रक्रिया, नीतिगत जटिलता र प्रभावकारी नियमनको कमीले विकासले अपेक्षित गति लिन नसकेको बताए। वर्तमान सरकारले नयाँ कानुन निर्माण तथा पुराना कानुन संशोधनलाई प्राथमिकतामा राखेको उल्लेख गर्दै उनले यातायात क्षेत्रलाई व्यवस्थित र चलायमान बनाउन सम्बन्धित कानुन संशोधनका लागि पहल गरिने बताए।


## काठ/दाउराको बोलपत्रद्वारा लिलाम विक्रिको सुचना

(प्रथम पटक सुचना प्रकाशित मितिः २०८३/०६/२९)

श्री प्रतिभा सामुदायिक वन उपभोक्ता समूह, बाणगंगा न.पा.-२, कपिलवस्तुको वन क्षेत्रवाट आ.व. २०८२/०८३ मा पुनरुत्पादन कटान C1S7 प्लटमा कटान मुछान बाट उत्पादन भई वन पैदावार आपूर्ती समितिवाट फिर्ता र सुधार-कटान प्लटको रुखहरु कटानबाट उत्पादन भई घाटगद्दी भएको साल जातको कुल गोलिया २५३ थान को १९६६.४३ क्यू. फिट काठ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भएको र डिभिजन वन कार्यालयमा सूचीकृत एवं अद्यावधिक भएका इच्छुक उद्योगले यो सुचना प्रकाशित गरेको मितिले २१ दिन सम्ममा सिलवन्दि वोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० वजे सम्ममा गोप्य सिलवन्दी वोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तुत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सुचना पार्टिमा टाँस गरिएको छ।

अध्यक्ष

**प्रतिभा सामुदायिक वन उपभोक्ता समुह**

**वाणगंगा न.पा.-२, कपिलवस्तु**

सम्पर्क नं.: ९८६९४७७०२०



...कार
...मन्त्रालय
...य
...वस्तु (गौतमबुद्ध)
...स्तु
...स्तु (गौतमबुद्ध) बाट
...पैदावार लिलाम
...एको सूचना
...न मितिः २०८३।०६।२९
...क बढाबढ मार्फत गरिने
...गते र १५ गते ( सो दिन
... हुने गरी कार्यतालिका
...अनुरोध छ।
...वस्तु (गौतमबुद्ध)



## ...कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३ साल असोज महिना २९ गते बिहीबार)

...बैंकको शाखा कार्यालय बुटवलबाट तपशिलमा उल्लेखित ऋणीहरुले आवधिक सामुहिक कर्जा शीर्षक ... सम्बन्धमा बैंकसंग गरेको शर्त ...




## एसियन गेम्स...

काठमाडौं (बुटवल टुडे), २... असोज - सरकारले २०औं एसिय... गेम्समा पदक जित्न सफल खेलाड... प्रशिक्षक तथा व्यवस्थापकल... पुरस्कार प्रदान गरेको छ।

खेलकुद विक... नियमावलीअनुसार नेपाललाई प... जिताउन सफल कराते‌का तेजि... शर्मा र महिला कबडी टोलीस... प्रशिक्षक र व्यवस्थापकको खा... सरकारले पुरस्कार रकम ...

## भूगर्भ सिमे...

अर्घाखाँची (बुटवल ... २८ असोज- लागूपदार्थ सेव... सवारीसाधन चलाउने प्रवृत्ति ... गर्दै सडक दुर्घटना न्... गर्ने उद्देश्यले भूगर्भ ... जिल्ला ट्राफिक प्रहरी ... अर्घाखाँचीलाई ५० वटा ... (लागूपदार्थ सेवन) परीक्ष... हस्तान्तरण गरेको छ।

सन्धिखर्क नगरपा... को सहजीकरणमा उक्त...


यस फर्म/कम्पनिले भ...

| सि. न. | मालवस्तुको विवरण |
| --- | --- |
| १. | ई-रिक्सा |

पैठारिकर्ताको नामः ...
ठेगानाः उत्तरढोका -...

# काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धि सुचनामा त्रुटि सच्याइएको सुचना

श्री प्रतिभा सामुदायिक वन उपभोक्ता समूह, बाणगंगा न.पा.-२, कपिलवस्तुको वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा पुनरुत्पादन कटान C1S7 प्लट र सुधार - कटान प्लटको रुखहरु कटानबाट उत्पादन भएको काठ लिलाम बिक्रि सम्बन्धि मिति २०८३/६/२९ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित संक्षिप्त सुचनामा साल र अन्य जातको कुल थान परिमाण २६३ को २१५७.०२ क्यू.फि. हुनुपर्नेमा भुलवस अन्यथा टाइप भएकोले यसै सुचना मार्फत सच्याइएको छ। साथै सम्पर्क नं. ९८६९८५२४१२ रहेको भनि सच्याइएको छ।

अध्यक्ष

**प्रतिभा सामुदायिक वन उपभोक्ता समुह**

**बाणगंगा न.पा.-२, कपिलवस्तु**

सम्पर्क नं. ९८६९८५२४१२